**बैठक संख्याः १४/२०८०/०८१**

**मितिः २०८१/०२/२५**

**समयः बिहान २:०० बजे**

**स्थानः भूमे गाउँपालिका, गाउँ कार्यपालिकाको बैठक कक्ष**

भूमे गाउँपालिकाका अध्यक्ष श्री **होम प्रकाश श्रेष्ठ**ज्यूको अध्यक्षता र देहायका कार्यपालिका सदस्यहरुको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठक बसी पेश भएका प्रस्तावहरु उपर छलफल गरी देहाय बमोजिम निर्णय गरियो ।

**उपस्थितिः**

| क्र.सं. | दस्तखत | नाम थर | पद | कार्यालय |
|---|---|---|---|---|
| १ | | होम प्रकाश श्रेष्ठ | अध्यक्ष | गाउँ कार्यपालिकाको कार्यालय |
| २ | | सविना बुढा | उपाध्यक्ष | गाउँ कार्यपालिकाको कार्यालय |
| ३ | | मनकाजी पुनमगर | वडा अध्यक्ष | १ नं. वडा कार्यालय |
| ४ | | नारायण पुनमगर | वडा अध्यक्ष | २ नं. वडा कार्यालय |
| ५ | | प्रशुराम बुढा | वडा अध्यक्ष | ३ नं. वडा कार्यालय |
| ६ | | श्याम प्रसाद बुढा | वडा अध्यक्ष | ४ नं. वडा कार्यालय |
| ७ | | टेक प्रसाद बुढा | वडा अध्यक्ष | ५ नं. वडा कार्यालय |
| ८ | | विक्रम पुन मगर | वडा अध्यक्ष | ६ नं. वडा कार्यालय |
| ९ | | संगम रोका | वडा अध्यक्ष | ७ नं. वडा कार्यालय |
| १० | | दिनेश रोका | वडा अध्यक्ष | ८ नं. वडा कार्यालय |
| ११ | | विनोद बुढा | वडा अध्यक्ष | ९ नं. वडा कार्यालय |
| १२ | | सुनकुमारी रोका | कार्यपालिका सदस्य | भूमे गाउँपालिका |
| १३ | | भिमला वि.क. | कार्यपालिका सदस्य | भूमे गाउँपालिका |
| १४ | | फोमली बुढा | कार्यपालिका सदस्य | भूमे गाउँपालिका |
| १५ | | भारती नेपाली | कार्यपालिका सदस्य | भूमे गाउँपालिका |
| १६ | | भागिलाल दमाई | कार्यपालिका सदस्य | भूमे गाउँपालिका |
| १७ | | जीत बहादुर कामी | कार्यपालिका सदस्य | भूमे गाउँपालिका |
| १८ | | देबिलाल विक | प्रमुख प्रशासकीय अधिकृत/ सचिव | गाउँ कार्यपालिकाको कार्यालय |
| **अन्य** | | | | |
| | | | | |
| | | | | |
| | | | | |

भूमे गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## (टिप्पणी र आदेश)

खाबाङबगर, रुकुम (पूर्व)
लुम्बिनी प्रदेश, नेपाल

विषयः कार्यपालिका बैठक प्रस्ताव सम्बन्धमा ।

प्रस्तावहरु:

| प्रस्ताव नं. | बैठक प्रस्तावहरु | कैफियत |
|---|---|---|
| 1. | निर्णय कार्यान्वयन समीक्षा सम्बन्धमा । | |
| 2. | कार्य प्रगति र सेवा प्रवाह समीक्षा सम्बन्धमा । | |
| 3. | सार्वजनिक विदा सम्बन्धमा । | |
| 4. | राहत सम्बन्धमा । | |
| 5. | भूमे गाँउपालिका स्तरीय यूवा संजाल गठन सम्बन्धमा । | |
| 6. | रकम भुक्तानी सम्बन्धमा । | |
| 7. | आ.व. २०८१/८२ को वार्षिक बजेट नीति तथा कार्यक्रम सम्बन्धमा । | |
| 8. | गाँउसभा अधिवेशन आब्हान सम्बन्धमा । | |
| 9. | शैक्षिक कर्जा स्वीकृत सम्बन्धमा । | |

२०८१/०२/२२

## भूमे गाउँपालिका, रुकुम (पूर्व)

### बैठक सं. १४/०८०-८१ मिति २०८१।०२।२५ को कार्यपालिका बैठकको प्रस्ताव तथा निर्णयहरुको संक्षिप्त व्यहोरा किताब

**निर्णय नं. १:**

गाउँ कार्यपालिकाको चालु आर्थिक वर्ष २०८०/०८१ को बैंठक संख्या १३ को निर्णय कार्यान्वयनको समीक्षा गर्दा ३ वटा निर्णयहरुमध्ये २ वटा निर्णय कार्यान्वयन भएकाले सबै निर्णय कार्यान्वयनमा जोड दिनुपर्ने निश्कर्ष निकालियो।

**निर्णय नं. २:**

गाउँ कार्यपालिकाको कार्यालय अन्तर्गतका विषयगत शाखा / इकाई / वडा कार्यालय र स्वास्थ्य संस्थाहरुले अघिल्लो महिनामा सम्पादन गरेका कार्यहरुको समिक्षा गर्दा कार्यप्रगति र सेवा प्रवाहको अवस्था सन्तोषजनक नै रहेको पाइयो ।

**निर्णय नं. ३:**

लुम्बिनी प्रदेश सरकारको मिति २०८०।१२।२० को निर्णयानुसार स्थानीय तहले आफ्नो स्थानीय तहभित्र निश्चित पर्व मनाउने समुदायले सदियौंदेखी चलि आएको स्थानीय पर्वमा सार्वजनिक विदा दिन सक्ने प्रावधान बमोजिम मगर समुदायले भूमी पुजा गरी मनाउने भूम्याः पुजाको अवसरमा २०८१ असार महिनाको २ गते सार्वजनिक विदा दिने निर्णय गरियो ।

**निर्णय नं. ४:**

विभिन्न समयमा आएको विपद् कारण तपसिल बमोजिमको विपद् राहत प्रस्ताव स्वीकृत गर्ने निर्णय गरियो ।

तपसिलः

| क्र.सं. | पिडितको नाम | वडा नं. | क्षतिको विवरण | राहत रकम |
|---|---|---|---|---|
| १ | नविन कामी | भूमे ९ | मिति २०८१/०२/२३ गते करिब २१:३० बजे आएको हावाहुरीले घरको टिनको छाना उडाइ रु. ३ लाख बराबरको क्षति भएको हुदाँ विपद व्यवस्थापन कोष संचालन निर्देशिका २०७४ को प्रावधान अनुसार रु १०,५००|- अक्षरुपी रु दस हजार पाँच हजार नगद सहयोग गर्ने निर्णय गरियो । | |

**निर्णय नं. ५:**

राष्ट्रिय युवा परिषद, युवाक्लब गठन तथा युवा संसद सञ्चालन कार्यविधि, २०७५ बमोजिम गाउँ/ नगर स्तरीय नमुना युवा क्लब सञ्जाल गठन गर्नुपर्ने व्यवस्था बमोजिम मिति २०८१/०१ ०७ गतेको युवा मैत्री भूमे गाउँपालिका निर्माणका लागि गाउँपालिका स्तरीय यूवा सम्मेलन तथा गाउँपालिका स्तरीय युवा क्लब सञ्जाल गठन कार्यक्रमको सिफारिस बमोजिम तपसिलको बमोजिमको भूमे गाउँपालिका स्तरीय यूवा सञ्जाल गठन गरियो

तपसिलः

| | |
|---|---|
| सुन्दर बुढा मगर- | अध्यक्ष |
| ईन्द्रमान सेर्पाली- | उपाध्यक्ष |
| आस्था बिक- | सचिव |
| जाल कुमार सुनार- | कोषाध्यक्ष |

| | |
|---|---|
| विशनमाया- बिक- | सदस्य |
| सुवास बिक- | सदस्य |
| मनथामी विक- | सदस्य |
| रुपा बिक- | सदस्य |
| बिशाल बुढामगर- | सदस्य |
| बिपना रोका- | सदस्य |
| कमल विक- | सदस्य |

**निर्णय नं. ६:**

भूमे गाउँपालिका बैशाख महिनाको विभिन्न मितिमा परेको अविरल बर्षाले दोमहि सिमखोला चुनवाङ सडकमा क्षति भएकोले उक्त क्षतिग्रस्त सकड मर्मतको लागी भूमे गाउँपालिकाको आ.व. २०८०/८१ मा विनियोजित निर्मित सार्वजनिक सम्पत्तिको मर्मत सम्भार खर्च शीर्षकबाट रु.१०७३३२.००।- (अक्षरूपी रु एक लाख सात हजार तीन सय बत्तीस रुपैयाँ) चित्रेपाटन निर्माण सेवा एण्ड सप्लायर्सलाई भुक्तानी दिने निर्णय सर्व सम्मतीमा गरियो ।

**निर्णय नं. ७:**

आगामी आर्थिक बर्ष २०८१।८२ का लागि सबै सरोकारवालाहरुसँग राय सुझाव संकलनका लागि सूचित सूचना मार्फत संकलन हुन आएको सुझावहरु समेत समेटी मिति २०८१ असार ७ गते नीति तथा कार्यक्रम र असार १० गते बार्षिक बजेट तथा कार्यक्रम गाउँसभासमक्ष प्रस्तुत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८:**

लुम्बिनि प्रदेशको गाउँ सभा/नगर सभा (कार्य संचालन) कार्यविधि ऐन, २०७५ को दफा १ बमोजिम सम्वत् २०८१ साल असार ६ गते भूमे गाउँपालिकाको गाउँसभाको बजेट अधिवेशन आव्हानका लागि सिफारिस गर्ने निर्णय गरियो ।

**निर्णय नं. ९**

भूमे गाउँपालिका वडा नं. ८ स्थाई घर भएको गौप्रसाद वि.क. ले मिति २०८१/०२/२२ गते दिएको निवेदन अनुसार शैक्षिक कर्जा माग भएको हुदाँ निजले माग गरेको शैक्षिक कर्जा स्वीकृत गर्ने निर्णय सर्वसम्मतीमा गरियो ।

निर्णयमा फरक मतको अभिलेख

| प्रस्ताव नं. | फरक मत राख्ने सदस्यको नाम र पद | फरक मतको बेहोरा | कैफियत |
|---|---|---|---|
| | | | |